# g]kfn /fi^« a}+s
## s]lGb|o sfofno
## ljb]zL ljlgdo Joj:yfkg ljefu

इ.प्रा.परिपत्र संख्या-४७५ | मितिः २०६५/३/१

<u>श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजत प्राप्त "क" वर्गका बैंक संस्थाहरु ।</u>

विषय : **इ.प्रा. परिपत्र संख्या ३८१ संशोधन गर्ने बारे ।**

महाशय,

यस बैंकको इ.प्रा. परिपत्रसंख्याः ३८१ को दफा ३ को धरौटी व्यबस्था सम्वन्धी उपदफा ३.१ देखि ३.३ र ३.९ देखि ३.११ सम्मका बिद्यमान व्यबस्थाहरु खारेज गरी तत्तत् उप दफाहरुमा देहायका व्यबस्थाहरु समावेश गरी लागू गर्ने व्यबस्था गरिएको हुंदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

### संशोधन

३.१ काठमाण्डौ उपत्यका स्थित प्रतीतपत्र कारोवार गर्ने बैंकका शाखा कार्यालयहरुले पनि यस बैंकको बैकिङ्ग कार्यालयमा खोलिएको आ-आफुना प्रधान/कर्पोरेट कार्यालयको मुख्य खाताबाटै प्रतितपत्र धरौटीको कारोवार समेत गर्नु पर्नेछ ।

३.२ काठमाण्डौ उपत्यका बाहिरका बैंक शाखा कार्यालयहरुले आ-आफ्नो क्षेत्र स्थित यस बैंकका कार्यालयहरुमा खोलेका मुख्य खाताबाटै प्रतितपत्र धरौटीका कारोवार समेत गर्नु पर्ने छ ।

३.३ प्रतित पत्र कारोवार गर्ने बैंकका कार्यालयहरुलाई छुट्टाछुट्टै चेक बुक आधिकारीक मांगका आधारमा यस बैंकको सम्वन्धित कार्यालयहरुबाट उपलव्ध गराइने छ ।

३.९ सम्वन्धित भन्सार कार्यालय मार्फत त्यस्तो चेकहरु यस बैंकको बैकिङ्ग कार्यालय लगायत उपत्यका बाहिरका कार्यालयहरुमा प्राप्त भएपछि ती चेकहरु(उपदफा ३.११ अनुरुप रित नपुगेका समेत) आफनै कार्यालयमा रहेको खाताको भए सोही खाता खर्च गरी र अन्य कार्यालयका भए विल खरिदका माध्यमबाट भन्सार कार्यालयलाई तत्काल भुक्तान गरी प्रचलित व्यबस्था बमोजिम हिसाव मिलान गर्नु पर्ने छ ।

३.१० भन्सार कार्यालयको नाममा त्यस्ता चेक जारी गर्दा सम्वन्धित आयातकर्ताबाट लिइने नियमानुसारको धरौटी रकम चेक जारी गर्ने बैंकले यस बैंकको सम्वन्धित कार्यालयमा रहेका मुख्य खातामा रकमान्तर गर्नु पर्नेछ । त्यस्ता चेकहरु बापत खाता खर्च लेख्दा कथंकदाचित खातामा पर्याप्त मौज्दात नभएमा नपुग रकममा न्यूनतम रु. १,०००।- वा बैंकदर+२ प्रतिशतका दरले लगाइने व्याज मध्ये जुन बढी हुन्छ सो रकम हर्जाना लगाइने छ ।

क्रमशः

३.११ भन्सार कार्यालयको नाममा जारी गरिने यस्ता चेकहरुमा प्रोटेक्टोग्राफ, मिति, जारी गर्ने बैंकको नाम, ठेगाना लगायत चेक तयार गर्दा नियमानुसारका सवै रीत पु-याई जारी गर्नु पर्नेछ । रीत नपुगी जारी भएका चेक जे जस्तो अवस्थाको भएपनि सम्वन्धित बैंकको खाता खर्च गरी भन्सार कार्यालयलाई भुक्तानी दिइने हुंदा यसबाट पर्न सक्ने नकारात्मक प्रभावको जिम्मेवारी चेक जारी गर्ने सम्वन्धित बैंककै हुने छ । साथै, कुनै बैंकले यस्तो चेक जारी गर्दा उल्लिखित रीत नपु-याएको अवस्थामा रीत नपुगेको प्रत्येक चेकको लागि रु. ५००।- का दरले हर्जाना लगाइने छ ।

***यस व्यबस्था लागू हुनु पूर्व प्रतितपत्र धरौटी खाता खर्च हुने गरी भन्सार कार्यालयहरुको नाममा जारी भई सकेका चेकहरु पनि सम्बन्धित वाणिज्य बैंकको मुख्य खाताबाटै खर्च गर्न सकिने व्यबस्था गरिएकोले वाणिज्य बैंकहरुको प्रतितपत्र धरौटी खाताका लागि यस बैंकका सम्बन्धित कार्यालयहरुबाट जारी भएका चेकहरु मुख्य खाताको लागि समेत Validate गर्ने / गराउने व्यबस्था अबिलम्ब गर्नु / गराउनु हुनेछ ।***

साथै उक्त परिपत्रको दफा ४ को पाचौं र छैठौ हरफमा रहेको ***उपरोक्त धरौटी खातावाट खर्च हुने गरी*** भन्ने शव्दहरु खारेज गरिएको छ ।

भवदीय,

(शंकरप्रसाद आचार्य)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ:

१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वी.तथा नि.वि. महाशाखा , सिंहदरवार ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार बिभाग, त्रिपुरेश्वर ।
५. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. बैंक सुपरिवेक्षण विभाग ।
७. आन्तरिक लेखा परिक्षण विभाग ।
८. सुचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. नेपाल बैंकर्स संघ , हेरिटेज प्लाजा, कमलादी ।
१०. नेपाल उद्योग वाणिज्य महासंघ, बागमति च्याम्बर, टेकु ।
११. नेपाल च्याम्बर अफ कमर्स, कान्तिपथ ।